का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ फागुन २०८१,
मंगलबार
11 March, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक ३७ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# यसरी भएको थियो नेपाल लोडसेडिङमुक्त



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ फागुन

नेपालमा लोडसेडिङको त्रासदीपूर्ण युग इतिहास भइसकेको छ । कुनै समय १२ घण्टासम्म बिजुली नपाएर हैरान उपभोक्ता अहिले २४सै घण्टा बिजुली पाउँदा ती पुराना दिन सम्झन चाहँदैनन् ।

कुनै समय बिजुलीको अभावमा उद्योग, व्यापार, अस्पताल, विद्यालयदेखि सामान्य उपभोक्तासम्म हैरान थिए । तर अहिले त्यो समय सम्झिँदा अविश्वसनीय परिवर्तन जस्तो लाग्छ, धेरैलाई ।

तर यी अविश्वसनीय परिवर्तन कसरी सम्भव भयो त ?

धेरैले नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा कुलमान घिसिङ आएपछि नेपाल लोडसेडिङबाट मुक्त भएको बुझेका छन्, तर विभिन्न तथ्यांकहरूका अनुसार उनी नियुक्त हुनु अघि नै देशलाई लोडसेडिङ मुक्त गर्ने प्रयासका साथै विद्युत उत्पादन र निर्यातको प्रक्रिया सुरु भइसकेको थियो ।

२०७३ कात्तिकदेखि राजधानी उपत्यकामा लोडसेडिङ हटेको थियो । त्योभन्दा पहिले नै लोडसेडिङको अवधि ६ घण्टासम्म झरिसकेको थियो ।

२७ साउन २०७३ सम्म सर्वसाधारण उपभोक्ताका लागि ६ घण्टा र उद्योगका लागि ७ घण्टा लोडसेडिङ कायम थियो । जबकि त्यसअघि १२ घण्टासम्म विद्युत कटौती हुन्थ्यो ।

यसको अर्थ लोडसेडिङ हटाउने प्रक्रिया कुनै एक व्यक्तिको नियुक्तिपछि मात्रै सुरू नभएको देखिन्छ । बरु सरकारको नीति, अन्तर्राष्ट्रिय सम्झौता, जलविद्युत् आयोजनाको विकास, भारतसँगको विद्युत व्यापारजस्ता विभिन्न पक्षहरूका कारण मात्र विद्युत उत्पादन र आयात भएपछि विद्युत कटौती विस्तारै कम हुँदै गएको हो ।

लोडसेडिङको समस्या बढ्नुको प्रमुख ऊर्जा आपूर्ति र मागबीचको असन्तुलन थियो । नेपालमा २०६० को दशकपछि विद्युतको माग तीव्र रूपमा बढ्न थाल्यो, तर उत्पादन, प्रसारण र वितरण संरचना कमजोर हुँदा बिजुली अभाव चर्कियो ।

२०७० सालसम्म १४ घण्टासम्म लोडसेडिङ हुँदा उद्योग-व्यवसाय धराशायी बन्न थालेको थियो ।

> धेरैलाई लाग्छ कुलमान घिसिङका कारण नेपाल लोडसेडिङ मुक्त बनेको हो । तर घिसिङ नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक भएर आउनुअघि नै लोडसेडिङ मुक्त हुने आधार तयार भइसकेको थियो ।

## यसकारण भयो सम्भव

२०७१ सालमा नेपाल र भारतबीच 'विद्युत व्यापार सम्झौता' भएपछि बिजुली आयातको बाटो खुलेको हो । तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा ४ कात्तिक २०७१ मा यो सम्झौता सम्पन्न भएको थियो । सम्झौतापछि भारतबाट आयात हुने विद्युतको मात्रा बढ्दै गयो ।

२०७२ को पुस-माघतिर लोडसेडिङ उच्च बिन्दुमा पुगेको थियो । तर तत्कालीन सरकारले ऊर्जा संकट न्यूनीकरणका लागि कडा नीति अपनाएपछि यो समय क्रमशः घट्दै गएको तथ्यांकले देखाउँछ ।

२०७२ सालको विनाशकारी भूकम्पपछि पुनर्निर्माणका क्रममा ऊर्जा आपूर्ति सुधार गर्ने पहल भयो । सरकारले राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशक अवधारणा पत्र (२०७२) ल्याएर ऊर्जा संकट समाधानका लागि मार्गचित्र तयार गर्‍यो । भारतबाट थप बिजुली आयात, जलविद्युत् आयोजनाहरूको प्रवर्द्धन, प्रसारण लाइन विस्तार, बिजुली चोरी रोकथाम जस्ता नीतिहरूले गर्दा २०७३ सालको सुरुवातसम्म आइपुग्दा लोडसेडिङ घट्दै गएको तथ्यांकले देखाउँछ ।

घिसिङ २९ भदौ २०७३ मा प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त भएका हुन् । उनको नेतृत्वमा विद्युत चुहावट नियन्त्रण, कुशल लोड व्यवस्थापन र वित्तीय सुधारका कदमहरू उठाइएको छ । तर, उनी नियुक्त हुनुअघि नै लोडसेडिङको अवधि ६ घण्टासम्म झरिसकेको थियो ।

कात्तिक २०७३ देखि राजधानी उपत्यकामा लोडसेडिङ पूर्णरूपमा हटेको थियो । तर यो उपलब्धि घिसिङको एकल प्रयासबाट मात्र सम्भव भएको होइन ।

नेपालको ऊर्जा क्षेत्रमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्झौताहरू लोडसेडिङ अन्त्यका निर्णायक कारण रहेको ऊजाविद्हरू बताउँछन् ।

नेपाल-भारत ऊर्जा व्यापार सम्झौताले भारतबाट बिजुली आयातको ढोका खोलेको उनीहरूको भनाइ छ । २०७५ सालमा नेपाल र बंगलादेशबीच ऊर्जा क्षेत्रमा सहकार्य सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ भने २०७७ मा सरकारले भारत र बंगलादेशसँग विद्युत आयात-निर्यात गर्न पूर्वस्वीकृति प्रदान गर्‍यो । २०७८ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच 'इण्डिया-नेपाल जोइन्ट भिजन स्टेटमेन्ट अन पावर सेक्टर कोअपरेशन' सम्झौता सम्पन्न भयो ।

२०७९ मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणका क्रममा १० हजार मेगावाट विद्युत भारत निर्यात गर्ने दीर्घकालीन सम्झौता भयो ।

यसै सम्झौताका आधारमा २०८० सालमा नेपाल र भारतबीच १० हजार मेगावाट विद्युत निर्यात पृष्ठ २ मा

# मौसमी मोर्चा !

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं,२६ फागुन ।

वामपन्थी र कम्युनिस्ट शक्तिबीच एकता गरी समाजवादी केन्द्र निर्माणको योजनासहित गठन गरिएको समाजवादी मोर्चा आफ्नो उद्देश्य छाडेर मौसमी गतिविधि गर्दै आएको छ । संविधानको रक्षा, कार्यान्वयन, संशोधन, र विकाससँगै शान्ति प्रक्रियाका बाँकी कामलाई पूर्णता दिँदै समाजवादी गणतन्त्रात्मक व्यवस्था स्थापना गर्ने उद्देश्यकासाथ बनाइएको यो मोर्चालाई दलहरूले मौसमी गतिविधिमा प्रयोग गर्दै आएका हुन् ।

मौसमअनुसारका घटनाक्रममा मात्रै सक्रिय देखिने समाजवादी मोर्चा पछिल्लो पटक फेरि सल्बलाउन थालेको छ । पछिल्लो राजनीतिक अवस्था, राजावादीहरूको सक्रियता लगायत विषयमा अनौपचारिक छलफल गरेको मार्चाले मंगलबार आन्दोलनका कार्यक्रम घोषणा गर्ने जनाएको छ । मंगलबार ४ बजे मोर्चाको बैठक बसेर प्रतिगमनविरुद्धको आन्दोलन घोषण गर्ने तयारीअनुसार सोमबार अनौपचारिक छलफल भएको नेपाल समाजवादी पार्टी (नेसपा)का सहअध्यक्ष तथा मार्चाका सचिवालय सदस्य गंगानारायण श्रेष्ठले जानकारी दिए । उनले भने '२४ चैत्रमा विशाल जनसभा गर्ने भन्ने पूर्वनिर्धारित कार्यक्रमको गृहकार्य बैठक हो । हामीले मंगलबार औपचारिक निर्णय गरेर २४ चैतको कार्यक्रमको मिति अघि सारेर बदलिँदो राजनीतिक परिवेशअनुसार अझ शक्तिशाली बनाउने पृष्ठ २ मा






> आगामी २४ चैतमा विशाल जनसभा गर्ने भन्ने पूर्वनिर्धारित कार्यक्रमको मिति अघि सारेर बदलिँदो राजनीतिक परिवेशअनुसार आन्दोलनलाई अझ शक्तिशाली बनाउने तयारी छ

**गंगानारायण श्रेष्ठ**
नेसपा सहअध्यक्ष

### शून्य गतिविधि

आफ्नै प्रधानमन्त्री हुँदा ४ असार २०८० मा सत्ताको प्रमुख सहयात्री दल नेपाली कांग्रेसलाई 'साइज'मा राख्न योजनाका साथ माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले ४ दलीय मोर्चा गठन गरेका थिए । सरकार टिकाउने अस्त्रका रूपमा हेरिएको मोर्चा प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकार रहुन्जेल निष्क्रिय थियो ।

यस वर्ष १७ असारमा संसदका २ ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेबीच नयाँ सत्ता पृष्ठ २ मा

# सुध्रिँदै अर्थतन्त्र

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २६ फागुन ।

विदेशी सञ्चिति निरन्तर बढ्दै जाँदा मुलुकको अर्थतन्त्र मजबुत बनेको छ । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८१/८२ को माघसम्मको समग्र आर्थिक तथा वित्तीय अवस्था विवरण अनुसार विदेशी सञ्चिति अहिलेसम्म धेरै जम्मा भएको हो ।

माघ मसान्तसम्म विदेशी सञ्चिति १६.१ प्रतिशतले बढेर २३ खर्ब ६९ अर्ब ८ करोड रुपैयाँ पुगेको छ । यस्तै ७ महिनामा अमेरिकी डलरको मुद्रा सञ्चिति ११.७ प्रतिशत बढेर १७ अर्ब ५ करोड पुगेको छ ।

कुल विदेशी विनिमय सञ्चिति मध्ये राष्ट्र बैंकसँग २१ खर्ब ५ अर्ब १४ करोड रुपैयाँ बराबरको छ भने अन्य बैंक तथा वित्तीय संस्थासँग २ खर्ब ६३ अर्ब ९३ करोड रुपैयाँ रहेको राष्ट्र बैंकले जनाएको छ । जसमा भारतीय मुद्रा सञ्चिति अंश सबैभन्दा धेरै २२ प्रतिशत छ ।

चालु आर्थिक वर्षको ७ महिनाको आयातलाई आधार मान्दा हालको सञ्चितिले १७.२ महिनाको वस्तु र १४.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ ।

### घट्यो महँगी दर

विदेशी सञ्चिति बलियो हुँदा राज्यको ढुकुटीमा पनि बलियो बनेको हो । यस्तै चालु आर्थिक वर्षको माघसम्ममा महँगी दर घटेको छ । माघसम्मको समग्र आर्थिक तथा वित्तीय अवस्था विवरणअनुसार महँगी घटेर ४.१६ प्रतिशतमा सिमित रहेको छ । अघिल्लो वर्ष सोही अवधिमा महँगी ५.०१ प्रतिशत थियो भने पुस २०८१ मा ५.४१ प्रतिशत रहेको थियो ।

यस्तै समीक्षा अवधिमा काठमाडौं उपत्यकामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.५३ प्रतिशत, पहाडमा ४.११, तराईमा ४.२५ र हिमालमा ५.२१ प्रतिशत रहेको छ । यसरी हेर्दा सबैभन्दा कम महँगी काठमाडौं उपत्यकामै रहेको देखिन्छ ।

७ महिनामा खाद्य तथा पेय पदार्थ समूहको महँगी ४.९५ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको ३.७४ प्रतिशत रहेको छ । माघमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घिउ तथा तेल उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक १२.८० प्रतिशत, दाल तथा गेडागुडी ९.०६ प्रतिशत, तरकारी ७.५६ प्रतिशत र खाद्य तथा खाद्यजन्य पदार्थको ६.३६ प्रतिशत महँगी दर छ ।

### आयात र निर्यातमा सुधार

चालु आर्थिक वर्षको ७ महिना नेपालको आयात र निर्यात दुवै बढेको छ । अर्थतन्त्र चलायमान बन्दै जाँदा आयात र निर्यातमा सुधार हुँदै गएको हो । आर्थिक वर्ष ०८१/८२ को ७ महिनामा वस्तु निर्यात ४६.५ प्रतिशतले वृद्धि भई १ खर्ब २७ अर्ब २० करोड पुगेको छ । सबैभन्दा धेरै भारतमा ६६.९ प्रतिशत, चीनमा ८.६ प्रतिशत र अन्य मुलुकमा निर्यात ३.५ प्रतिशतले वृद्धि भएको हो ।

सबैभन्दा धेरै निर्यात हुने वस्तुमा भटमासको तेल, पोलिस्टर यार्न र थ्रेड, चिया, अलैंची लगायत छ । पाम तेल, जिंक शिट, पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## रोजगारी प्रवर्द्धन दशक घोषणा
# निजी क्षेत्रमाथि रोजगारी सिर्जना गर्न दबाब

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पहलमा प्रधानमन्त्री केपी शर्मा ओलीले रोजगारी प्रवर्द्धन दशक घोषणा गरेका छन् । श्रम मन्त्रालयद्वारा आयोजित 'राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन-२०८१'को उद्घाटनका अवसरमा सोमबार प्रधानमन्त्री ओलीले रोजगारी प्रवर्द्धन दशक घोषणा गरेका हुन् ।



सम्मेलनले आन्तरिक रोजगारीमा संख्यात्मक तथा गुणात्मक वृद्धि गरी वैदेशिक रोजगारीमाथिको बढ्दो निर्भरता कम गर्ने मुख्य लक्ष्य लिएको छ । मन्त्रालयले आन्तरिक रोजगारी वृद्धिका लागि यसअघि वि.सं. २०५४, ०६१, ०६९ र ०७६ साल गरी ४ पटक श्रम तथा रोजगार सम्मेलन गरिसकेको छ । पाँचौं राष्ट्रिय श्रम तथा रोजगार सम्मेलनका लागि उत्पादन र उत्पादकत्व विस्तार, आन्तरिक रोजगारीको दिगो आधार नारा तय गरिएको छ ।

सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले रोजगारीको वर्तमान पर्याप्तता अन्त्यका लागि निजी क्षेत्रबाट उद्यमशीलताको विकासमा जोड दिए । प्रधानमन्त्री ओलीले उद्यमशीलताको विकास नगरी रोजगारी सिर्जना नहुने भएकाले निजीसहित मुलुकका सबै क्षेत्र रोजगारी सिर्जनामा लाग्नुपर्ने बताए । श्रम बजारमा वार्षिकरूपमा आउने जनशक्तिको तुलनामा सरकारी जागिर न्यून रहेको भन्दै प्रधानमन्त्री ओलीले रोजगारीका अवसरहरू सिर्जनाका लागि सरकारभन्दा निजी क्षेत्र बढी क्रियाशील हुन आवश्यक रहेकोमा जोड दिए । श्रममन्त्री शरतसिंह भण्डारीले बजारमा पृष्ठ २ मा

### १० समझदारीपत्रमा हस्ताक्षर

**काठमाडौं/मस-** राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन-२०८१ का क्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र निजी क्षेत्रका बीच रोजगार सिर्जना र तालिम प्रदानका लागि १० वटा समझदारीपत्रमा हस्ताक्षर भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र सचिव कृष्णहरि पुष्करको उपस्थितिमा समझदारीपत्रहरूमा हस्ताक्षर भएको हो ।

राष्ट्रिय सीप विकास प्रतिष्ठान र कम्प्युटर एसोसिएसन महासंघ (क्यान), नेपाल निर्माण व्यवसायी महासंघ, नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा), नेपाल सुनचाँदी व्यवसायी महासंघ, एकोर इन्टरनेशनल ट्रेनिङ प्रा.लि., ग्लोबल क्वालिफिकेसन, मदरल्यान्ड स्किल एकेडेमी, होटल संघ नेपाल (हान), नेपाल तयारी पोसाक उद्योग संघ, ग्रिल तथा स्टिल व्यवसायी महासंघबीच तालिमसम्बन्धी पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.
Public Relations officer -3 (Male/Female)
Minumum 2/3 Years experience in related field.
SALARY - NEGOTIABLE
ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, ९८४३२७६६२८
Email : info@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

### काठमाडौंमा २ महिना निषेधाज्ञा

# ५ जना भन्दा बढी भेला हुन नपाइने

**काठमाडौं/मस-** जिल्ला प्रशासन कार्यालय काठमाडौंले अबको २ महिनासम्म तोकिएका क्षेत्रमा निषेधाज्ञा जारी गरेको छ ।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका कार्यालय, अति विशिष्ट व्यक्तिहरुको निवास तथा मुख्य प्रशासनिक केन्द्र र सो आसपासका क्षेत्रमा भेला वा जम्मा भइ अनसन, धर्ना, घेराउ, जुलुस प्रदर्शन तथा सभालगायतका विरोधका कार्यक्रम गर्न रोक लगाएको हो ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले त्यसरी कार्यक्रम आयोजना गर्दा उत्तेजित भीडबाट तोडफोड, आगजनी जस्ता उत्श्रृंखल तथा अवाञ्छित गतिविधि हुन सक्ने र आपसी मुठभेड, भीडन्त एवं हुलदंगा वा अशान्ति भइ अत्यावश्यक सेवा, सार्वजनिक सेवा प्रवाह, सार्वजनिक यातायात, सार्वजनिक सम्पत्ति र समग्र शान्ति सुरक्षामा गम्भीर असर पर्न जाने हुँदा अन्तरराष्ट्रिय अभ्यास र यसअघि अदालतबाट भएको आदेश एवं फैसलालाई मध्यनजर गरी उक्त आदेश जारी गरिएको जानकारी दिए ।

उनका अनुसार जिल्ला सुरक्षा समिति काठमाडौंको सिफारिसका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम विगतदेखि कै निरन्तरताको रूपमा देहायको क्षेत्रमा आइतबारदेखि लागू हुने गरी दुई महिनासम्मका लागि ५ जनाभन्दा बढी व्यक्ति भेला जम्मा भइ अनसन, धर्ना, घेराउ, जुलुस प्रदर्शन तथा सभा जस्ता विरोधका कार्यक्रम गर्न निषेध गरिएको हो ।



साथै देहायका निषेध आदेश जारी गरिएका क्षेत्रबाहेक स्थानमा नेपालको संविधान बमोजिम प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं विना हातहतियार शान्तिपूर्ण रुपमा भेला भई विरोधका कार्यक्रममा सहभागी हुन पाउने हक रहेकोप्रति स्थानीय प्रशासन सदैव प्रतिबद्ध रहेको जनाइएको छ ।

जारी आदेशमा भनिएको छ, 'संविधान एवं प्रचलित कानुन प्रदत्त अधिकारको प्रयोग हुने गरी गरेका विरोधका कार्यक्रमबाट सरकारी, सार्वजनिक एवं व्यक्तिगत सम्पत्तिमा हानी नोक्सानी र अति भएमा स्थानीय प्रशासन ऐन २०२८ तथा सार्वजनिक प्रदर्शन, हड्ताल, तथा विरोधका कार्यक्रमबाट हुने क्षति मूल्यांकनसम्बन्धी कार्यविधि, २०८१८ बमोजिम क्षतिको मूल्यांकन गरी आयोजकबाट नै त्यस्तो क्षतिपूर्ति वापतको रकम असुल उपर गराइने व्यहोरा सम्बन्धित सबैमा स्मरण गराइएको छ ।'

धर्ना जुलुस गर्न नपाइने स्थलहरु

शीतलनिवास (राष्ट्रपति कार्यालय महाराजगञ्ज क्षेत्र) को उत्तर पूर्वतर्फ राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान अगाडिको चोकसम्म, पूर्वदक्षिणतर्फ सामाखुसी जाने मोटदेखि १०० मिटर दक्षिणसम्म, दक्षिण पश्चिमतर्फ सामाखुसी जाने मोडदेखि सामाखुसी खोलासम्म निषेध स्थल तोकिएको छ ।

त्यसैगरी हरित गृह (उपराष्ट्रपति कार्यालय) लैनचौर क्षेत्रको केशरमहल चोकदेखि लैनचौर मोड हुँदै मल्ल होटलको सिमानासम्म निषेधाज्ञा क्षेत्र निर्धारण गरिएको छ । सिंहदरवार क्षेत्र अन्तर्गत भद्रकाली मन्दिर (तिनकुने आइल्याडको पूर्वी कुनादेखि पूर्वतर्फ सिंहदरबार मूल गेटसम्म, सिंहदरबार मूलगेट अगाडिदेखि उत्तरतर्फ पद्मोदय माविको मोडसम्म । त्यसैगरी पद्मोदय मोडदेखि पूर्वतर्फ महालेखा परीक्षक कार्यालय अगाडि हुँदै अनामनगरतर्फ जाने सिंहदरवारको उत्तरपूर्वी मोड र सो मोडदेखि सिंहदरबार पूर्वीगेट हुँदै हनुमानस्थान मन्दिरसम्म, सिहदरवार मूलगेट अगाडिदेखि दक्षिणतर्फ सर्वोच्च अदालत अगाडि हुँदै पुरातत्व विभागको चोकसम्म, पुरातत्व विभागको चोकदेखि सिंहदरवार दक्षिण गेट हुँदै हनुमानस्थान मन्दिरसम्म, जिल्ला अदालतको पूर्वी मोडको प्रवेश मारदेखि जिल्ला प्रशासन कार्यालय उत्तरतर्फको मोडसम्म निषेधाज्ञा क्षेत्र निर्धारण गरिएको छ ।

त्यसैगरी प्रधानमन्त्री निवास बालुवाटार क्षेत्रको बालुवाटार पवित्र वर्कशप चोकदेखि नेपाल राष्ट्र बैंक हुँदै इटालिया चोक र सो चोकदेखि भाटभटेनीतर्फ ५० मिटरसम्म, इटालिया चोकदेखि पश्चिमतर्फ राष्ट्रियसभा अध्यक्षको निवाससम्म र सो निवासदेखि गैह्रीधारा जाने सडकतर्फ १०० मिटरसम्म निषेधाज्ञा स्थल तोकिएको छ । प्रधानमन्त्री निवासको उत्तरपूर्वी मोडदेखि प्रधान न्यायाधीश निवासको मोडसम्म र सो मोडदेखि पश्चिमतर्फ १०० मिटरसम्म, प्रधानन्याधीश निवासको मोडदेखि पूर्वदक्षिणतर्फ राष्ट्रियसभा अध्यक्षको निवासको मोडसम्म, राष्ट्रबैंक चोकदेखि पूर्वतर्फ जाने सडकको १०० मिटरसम्म निषेध स्थल तोकिएको छ ।

संसद् भवन नयाँ बानेश्वर क्षेत्र अन्तर्गत संसद् भवनको चारैतर्फको सडक क्षेत्र, संसद् भवनको दक्षिणपूर्वी मोडदेखि पूर्वतर्फ ३०० मिटरसम्म, बानेश्वर चोकदेखि पश्चिमतर्फ ३०० मिटरसम्म निषेधाज्ञा स्थल तोएिको छ ।

# वीर अस्पतालमा अब दुवै सिफ्टमा शल्यक्रिया




**काठमाडौं/मस-** वीर अस्पतालमा २ सिफ्टमा शल्यक्रिया सेवा सुरु भएको छ । बिरामीको बढिरहेको चापअनुसार सेवा दिन भन्दै अस्पतालले नाक, कान, घाँटी, दन्त, युरोलोजी तथा सामान्य शल्उक्रिया सेवा २ सिफ्टमा सुरु गरेको हो ।

अस्पतालका निमित्त निर्देशक डा. समाज गौतमले धेरै बिरामीलाई सुविधा दिने हिसाबले अहिले केही सेवाहरूमा दुवै सिफ्टमा शल्यक्रिया सुरु गरिएको बताए । यसअघि अस्पतालमा एक सिफ्टमा मात्र शल्यक्रिया सेवा उपलब्ध भइरहेको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सबै संघीय अस्पताललाई दुवै सिफ्टमा ओपीडी सेवा आरम्भ गर्न निर्देशन दिएका थिए ।

सोहीअनुसार कार्ययोजना बनाएर अहिलेको सेवा आरम्भ गरिएको अस्पतालले जनाएको छ । 'अहिले बढी बिरामीको चाप भएका केही सेवा दुवै सिफ्टमा सुरु भएका छन्, निर्देशक गौतमले भने, 'विस्तारै बाँकी अरू सेवालाई पनि दुई सिफ्टमा लैजाने योजना छ ।' आन्तरिक जनशक्ति र श्रोतबाटै व्यवस्थापन गरेर सेवा आरम्भ गरिएको निमित्त निर्देशक गौतमले बताए । दुवै सिफ्टमा हुने शल्यक्रियाका कारण यसअघि सेवा पाइरहेका भन्दा धेरै बिरामीले लाभ लिन सक्ने अस्पतालले जनाएको छ ।

# ११औं नेपाल भूगर्भ सम्मेलन सुरु




**काठमाडौं/मस-** काठमाडौंमा ११औं नेपाल भूगर्भ सम्मेलन सुरु भएको छ । नेपाल भूगर्भ समाजले आयोजना गरेको सम्मेलनलाई राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरे ।

सम्मेलनमा विश्वका विभिन्न देशका भूगर्भविद्हरूबीच भूगर्भको सुरक्षा सम्बन्धमा छलफल गरिँदैछ । समाजका अनुसार जलवायु परिवर्तन अनुकूलन, प्राकृतिक स्रोतहरूको उपयोग र भू-जोखिम व्यवस्थापनमा भूगर्भ विज्ञानको भूमिकालाई उजागर गर्नु, भूगर्भ विज्ञानका क्षेत्रमा भएका नयाँ अनुसन्धान, प्रविधि र अनुभवहरूको आदानप्रदान गर्ने उद्देश्यले सम्मेलन आयोजना गरिएको हो ।

समाजका अध्यक्ष चुर्णबहादुर ओलीले जलवायु परिवर्तनका असर, प्राकृतिक स्रोत व्यवस्थापन, विपद् व्यवस्थापनसम्बन्धी ज्ञान आदान-प्रदान गर्न सम्मेलनले सहयोग पुग्ने बताए ।

'जलवायु परिवर्तनको असर बढिरहेको छ । यी समस्याहरूको पहिचान तथा समस्या समाधानका लागि जलवायु अनुकूलन र न्यूनीकरणका कार्यक्रम सञ्चालनका लागि सहकार्य हुने तथा ज्ञान आदान-प्रदानमा सहयोग पुग्नेछ,' उनले भने, 'सम्मेलनमा अन्तर्राष्ट्रिय विशेषज्ञता आदान-प्रदान, भूगर्भीय अनुसन्धानको प्रवर्द्धन तथा भूगर्भशास्त्रका नयाँ उपलब्धिहरू र तिनको प्रयोगसम्बन्धमा छलफल हुनेछ ।'

मंगलबारसम्म चल्ने सम्मेलनमा नेपाललगायत भारत, चीन, अमेरिका, क्यानडा, जर्मनी, नेदरल्यान्ड्स, स्विट्जरल्यान्ड, इटाली, पोल्यान्ड, दक्षिण कोरिया, जापान, बङ्गलादेश र पाकिस्तानका भूगर्भविद् सहभागी छन् ।

सम्मेलनका संयोजक प्राध्यापक खुमनारायण पौडेलले सम्मेलनमा हिमालय क्षेत्रको भूगर्भ विज्ञानबारे एक सयभन्दा बढी अनुसन्धान पत्र प्रस्तुत गरिने र भूगर्भीय अध्ययन तथा अनुसन्धानबारे विस्तृत छलफल हुने जानकारी दिए । सम्मेलन प्रत्येक २ वर्षमा आयोजना हुने गरेको छ ।

# प्रहरीकै अगाडि आत्मदाहको प्रयास

**वीरगंज/मस-** वीरगन्जस्थित जिल्ला प्रशासन कार्यालय पर्सामा सोमबार मिटरब्याजी पीडित एक पुरुषले आत्मदाह गर्ने प्रयास गरेका छन् । बाराको पचरौता नगरपालिका-४ स्थायी घर भई हाल वीरगन्ज-२४ रामगढवा बस्ने ६० वर्षीय बृजकिशोर प्रसाद साहले कार्यालय परिसरमै आत्मदाहको प्रयास गरेका हुन् ।




साहले किरा मार्ने विषादी सेवन गर्दै शरीरमा पेट्रोल छर्केर आगो लगाउने कोसिस गरेका थिए । तर त्यहाँ ड्युटीमा रहेका सशस्त्र प्रहरीले साहलाई आगो लगाउनबाट जागाएको थियो ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले हल्का विष समेत सेवन गरिसकेका साहलाई त्यहाँबाट उद्धार गरेर उपचारका लागि नारायणी अस्पतालमा पुर्‍याइएको र उनको अवस्था खतरामुक्त रहेको चिकित्सकले बताएको जानकारी दिए ।

मिटरब्याजीबाट पीडित साहलाई प्रहरीले न्याय नदिएका कारण उनले आत्मदाहको प्रयास गरेको बताइएको छ । घटनास्थलबाट भेटिएको साह आफैंले लेखेको पत्रमा लेखिएको छ, '१ लाख ५० हजार रुपैयाँ ऋण लिएर ६ लाख मूल्य बराबरको जग्गा अरूका नाममा पास गरेको थिएँ । तर जग्गाको आफूले पैसा तिर्न खोज्दा पीडकले फिर्ता गर्न आनाकानी गरिरहेको छ । यो मुद्दामा प्रहरीले पनि साथ दिइरहेको छैन, त्यही कारण यो बाटो रोजेको हुँ ।' घटनास्थलबाट बरामद उक्त पत्रबारे पुष्टि गर्दै प्रमुख जिल्ला अधिकारी अर्यालले जिल्ला प्रहरी कार्यालय पर्सामा साहले निवेदन दिएको र त्यसबारे प्रहरी कार्यालयमा मिलापत्रका लागि छलफल भइरहेको अवस्था रहेको बताए ।

## यसकारण...

गर्ने सम्झौतामा हस्ताक्षर भएको छ । नेपाल अहिले बिजुली निर्यात गर्न सक्षम भइसकेको छ । १७ कात्तिक २०८१ मा नेपालको नेपाल विद्युत प्राधिकरण, बंगलादेशको बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतको एनभीभीएनबीच त्रिपक्षीय विद्युत व्यापार सम्झौता सम्पन्न भयो । त्यसको केही हप्तापछि ३० मंसिर २०८१ मा नेपालले भारतीय ग्रिडमार्फत बंगलादेशमा ४० मेगावाट विद्युत पठाउन थालेको छ ।

यी उपलब्धिहरू कुनै एक व्यक्तिको मात्र प्रयासबाट सम्भव नभएको ऊर्जा क्षेत्रका जानकारहरूको भनाइ छ । लोडसेडिङ हटाउन दीर्घकालीन रणनीति, सरकारी नीतिगत सुधार, जलविद्युत् आयोजनाको प्रवर्द्धन, प्रसारण संरचना विस्तार, अन्तर्राष्ट्रिय व्यापार सम्झौता र दक्ष व्यवस्थापनको संयोजनमा भएको उनीहरू भन्छन् ।

नेपालले अब ऊर्जा निर्यातमा फड्को मारिसकेको छ भने बिजुली निर्यातकर्ता देश बन्न पनि सफल भएको छ ।

## मौसमी...

तयारीमा छौं ।' समाजवादी मोर्चाले गणतन्त्रवादी राजनीतिक शक्तिहरूलाई एकाकार गर्दै पश्चगमनको विरुद्धमा शक्ति प्रदर्शन गर्ने तयारीमा रहेको उनको भनाई छ । मोर्चाको अनौपचारिक छलफलमा प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारको रवैयाका कारण राजावादीले नकारात्मक फाइदा लिइरहेकोबारे पनि छलफल भएको श्रेष्ठले जानकारी दिए ।

समाजवादी मोर्चाको ४ सदस्यीय सचिवालयमा माओवादी केन्द्रको तर्फबाट देव गुरुङ, नेकपा (एकीकृत समाजवादी) बाट प्रमेश हमाल र विप्लव नेतृत्वको नेकपाबाट खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) सदस्य छन् ।

सचिवालयले कार्यक्रमको मोडालिटीलगायत विषयहरूमा काम गरिरहेको सहअध्यक्ष श्रेष्ठले मध्यान्हलाई बताए । ३-३ महिनामा संयोजक परिवर्तन गर्ने भनिएपनि ४ असार २०८० गठन भएको मोर्चाको संयोजक नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लव छन् । सुरुमा नेकपा एसका अध्यक्ष माधव नेपाल मोर्चाका संयोजक थिए ।

## शून्य...

समीकरण बनेसँगै मोर्चालाई शसक्त बनाउने भनिएपनि कुनै गतिविधि गर्न सकेको थिएन ।

मोर्चालाई माओवादीसहितका केही कम्युनिष्ट पार्टीले आफूप्रतिकूलका घटनामा प्रयोग गर्नेबाहेक उद्देश्यअनुसार अघि बढ्न नसकेको मोर्चामा सहभागी दलका नेताहरूको टिप्पणी छ ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले मोर्चालाई आफू सत्तामा हुँदा सरकारको पक्षमा र प्रतिपक्षमा पुग्दा सरकारविरुद्ध देखाउने हतियारका रूपमा प्रयोग गर्ने नीतिअनुसार अघि बढेका छन् । यो मोर्चा निर्माणको उद्देश्यअनुरुप नचलाउँदा सत्ता सम्झौताका लागि देखाउने माध्यम मात्रै बन्दै गएको नेताहरूले टिप्पणी गरेका छन् ।

संघीय संसद्मा रहेका ३ दल माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा (एकीकृत समाजवादी) र संसद बाहिर रहेको नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी मिलेर बनेको मोर्चाबाट उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल भने बाहिरिएको छ । नेकपा एमालेसँगको सत्ता सहयात्रमा अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुँदा ओली र प्रचण्डले यादव विदेश गएको मौका छोपेर जसपा फुटाएर अशोक राईलाई सरकारमा लगेको थियो । त्यसबाट आक्रोशित अध्यक्ष यादवले मोर्चालाई सिद्धान्तहीन र अवसरवादीहरूको झुण्डका रूपमा चित्रण गर्दै आएका छन् ।

'अहिले माओवादीलाई सत्ताको छटपटि चलेको छ', अध्यक्ष यादवले भने 'आफू प्रधानमन्त्री हुँदा सत्ता टिकाउन र सत्ता बाहिर गएपछि सरकार गिराउने नीति अनुसार प्रचण्डले समाजवादी मोर्चा नामको एउटा समुह बनाएर साना दललाई भ्रमको पोखरीमा खेलाइरहेका छन् । यसबाट कँहि पनि पुगिदैन ।'

प्रतिनिधिसभामा माओवादी केन्द्रको ३२, जसपाको १२ र एकीकृत समाजवादीको १० सीटसहित मोर्चामा ५४ सांसद थियो । पछि जसपा नेपाल फुटेर यादव मोर्चामा नरहेपछि अहिले मोर्चामा ४९ सांसद छन् । मोर्चा घोषणा गर्दा नेताहरूले मुलुकमा 'वाम एकता' आवश्यक भएकाले मोर्चाबन्दी गरिएको र यो दीर्घकालीन हुने दाबी गरेका थिए । समाजवादी गणतन्त्र र धर्म निरपेक्षताका पक्षमा तथा वैदेशिक हस्तक्षेपको विरूद्ध उभिने वाचा गरेका थिए ।

तत्कालीन प्रधानमन्त्री प्रचण्डसहित ४ दलका नेताहरूले मोर्चाको प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका थिए । समाजवादको नेपाली बाटो तय गर्ने वाचा गरिएको सो प्रतिबद्धतापत्रमा वैज्ञानिक भूउपयोग नीति लागू गर्ने कुरा समेत उल्लेख थियो । तर, सत्ता बाहिर बस्दा मात्रै मोर्चा आवश्यक ठान्ने माओवादी-समाजवादीले मोर्चाका नाममा सत्ताको भऱ्याङ चढ्ने खुड्किलो मात्रै बनाउन खोजेको प्रतिपक्षी दलकै कतिपय नेताहरूले टिप्पणी गर्दै आएका छन् ।

## सुध्रिंदै...

अदुवा, जडिबुटी, तयारी पोशाक लगायतका वस्तुको निर्यात कम भएको छ ।

त्यस्तै, माघमसान्तसम्म कुल वस्तु आयात १०.१ प्रतिशतले वृद्धि भई ९ खर्ब ८८ अर्ब ५९ करोड रुपैयाँ पुगेको छ ।

वस्तु आयात हुने देशमा सबैभन्दा धेरै चीनबाट ११.२ प्रतिशत, भारतबाट ७.५ प्रतिशत र अन्य मुलुकहरूबाट १७.५ प्रतिशतले आयात वृद्धि भएको छ ।

७ महिनाको तथ्यांकलाई हेर्न हो भने नेपालको व्यापार घाटा ६.२ प्रतिशतले बढेर ८ खर्ब ६१ अर्ब ३८ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा व्यापार घाटा १.८ प्रतिशतले कमी थियो ।

७ महिनामा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २ खर्ब ८३ अर्ब ४६ करोड अर्थात ५.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १ खर्ब ९७ अर्ब २१ करोड अर्थात ४.१ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.३ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ ।

निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह ५.९ प्रतिशत, विकास बैंकहरूको ३.१ प्रतिशत र वित्त कम्पनीहरूको कर्जा प्रवाह ५.२ प्रतिशतले बढेको छ ।

## निजी...

आउने श्रम शक्तिलाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने र वैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउने वर्तमान सरकारको योजनाअनुसार सम्मेलनको आयोजना गरिएको बताए । मन्त्री भण्डारीले आन्तरिक रोजगारी सिर्जना नगरेसम्म वैदेशिक रोजगारीमा जाने क्रम नरोकिने भएकाले मन्त्रालय आन्तरिक रोजगारी सिर्जनामा केन्द्रित भएर तालिम तथा सीप विकासमा लागेको जानकारी दिँदै मन्त्रालयमा रोजगार व्यवस्थापन महाशाखा नै स्थापना गरेर काम भइरहेको बताए ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले रोजगारी सिर्जना गर्न जोखिम लिने निजी क्षेत्रलाई प्रोत्साहन गर्ने सरकारको नीति रहेको भन्दै सो अनुसार नवीन कार्यक्रम अघि बढाइएको बताए ।

प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडाले आन्तरिक रोजगारी सिर्जनाका साथै वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न द्विपक्षीय श्रम सम्झौतामा सामाजिक सुरक्षाको सुनिश्चिततामा नेपालले ध्यान दिनपर्ने धारणा राखे । डा. खतिवडाले पहिलोपटक लहलहैमा गएपनि बाध्यतावश दोहोऱ्याएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्ने नेपाल सरकारको दृष्टिकोण रहेको भन्दै आन्तरिक रोजगारी सिर्जना सबैको लक्ष्य हुनुपर्ने बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई प्रोत्साहित गर्ने खालका नीतिगत व्यवस्था गर्न सकेमात्रै रोजगारी सिर्जना हुने भन्दै सरकारले निजी क्षेत्रमैत्री नीति ल्याउन ध्यान दिनुपर्ने माग गरे ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)का अध्यक्ष जगत सिंखडाले श्रम ऐनका मजदुर विरोधी प्रावधान खारेजी गरी श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि र सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी बनाउन सुझाव दिए । मन्त्रालयका सहसचिव डण्डुराज घिमिरेले स्वागत मन्तव्य राखेको उद्घाटन सत्रको सभापतित्व मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले गरेका थिए ।

सम्मेलनमा रोजगारी सिर्जना गर्ने भूमिकामा रहेका नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल होटल संघ, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, ट्रेड युनियन प्रतिनिधि, नेपाल सुनचाँदी व्यवसायी संघ, रिटर्नी कामदारलगायत करिब ३ दर्जन संस्था र विज्ञहरूसहित ५०० जनाको सहभागिता रहेको मन्त्रालयले जनाएको छ ।

मंगलबार समापन हुने सम्मेलनमा वैदेशिक रोजगार व्यवसायका चुनौती र सुधारसहितका विषयमा प्यानल छलफल गरिने कार्यक्रम छ ।

## १० समझदारीपत्रमा...

समझदारीमा हस्ताक्षर भएको हो । त्यस्तै प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत एकीकृत श्रम बजार सूचना प्रणाली विस्तारका लागि स्वीस एजेन्सीबीच पनि समझदारीपत्रमा हस्ताक्षर भएको छ । कार्यक्रममा प्रधानमन्त्री ओलीले समझदारीहरू कार्यान्वयनमा आउनुपर्ने भन्दै कागजमा मात्रै सीमित हुन नहुने बताए ।

**Siranchok Rural Municipality**

**Office of the Rural Municipal Executive**

Chhoprak, Gorkha

Gandaki Province, Nepal

**Invitation for Bids**

Second Date of Publication: 2081-11-27

Bid Submission Date: 2081-12-13 ,12:00

1. The Office of the Rural Municipal Executive, Siranchowk Rural Municipality, Chhoprak, Gorkha invites electronic bids from eligible bidders for the construction of following works under Sealed Quotation procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Contract No. | Brief Description of Works | Estimated amount (Excluding VAT & Contingency NRs) but with P.S | Bid Security Amount in NRs. | Bid Document fee (NRs) |
|---|---|---|---|---|---|
| 1. | SRM/GORKHA/WORKS/RD/SQ/081/082-P6 | Sirchaur Bhitri Sadak Dhalan | 1,032,285.33 | 30000 | 1000 |

**Chief Administrative Officer**

# जुलुसमा विदेशीको तस्बिर राख्नुपर्ने अवस्थामा हामी छैनौं : प्रधानमन्त्री

**काठमाडौं/मस–** पूर्वराजा ज्ञानेन्द्र शाह पोखराबाट काठमाडौं फर्किँदा स्वागतका लागि जम्मा भएका राजावादी दलहरूले आफ्नो प्रदर्शनमा भारतीय नेता तथा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको तस्बिर प्रयोग गरेकोप्रति प्रधानमन्त्री केपी शर्मा ओलीले टिप्पणी गरेका छन् ।



सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै प्रधामनन्त्री ओलीले राप्रपालगायतका दलले गरेको शक्ति प्रदर्शनमा जुलुस निकाल्दा विदेशीको तस्बिर प्रयोग गर्नुपरेको तर विदेशीको तस्बिर राख्नुपर्ने नाजुक अवस्थामा आफूहरू नभएको बताएका हुन् ।

प्रधानमन्त्री ओलीले भने, 'एउटा जुलुस निकाल्नुपर्‍यो भने विदेशीको तस्बिर राख्नुपर्ने नाजुक अवस्थामा हामी छैनौं । अलोकतान्त्रिक, प्रणालीविरोधी र असंवैधानिक कुराहरूमा लाग्ने हामीलाई फुर्सद छैन ।'

उनले बाह्य अनुदान सहायतामा भर नपरी आफ्नै ढंगले मुलुकको विकासमा लाग्नुपर्नेमा जोड दिए । प्रधानमन्त्री ओलीले विश्वव्यापीकरणको अवस्थामा सबै काम एक्लै गर्न नसकिने स्थिति भए पनि उर्वर नेपाली भूमिलाई प्रयोग गरेर उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्नेमा जोड दिए ।

सामाजिक संस्थाले असफलताको मात्र नभई सफलता, आशा र उपलब्धिको चर्चा गर्न सुझाव दिँदै उनले विकासको प्रयासमा कुनै प्रकारको अवरोध सिर्जना हुन नदिने स्पष्ट गरे ।

# अध्यादेशसम्बन्धी प्रतिस्थापन विधेयक बढाइने

**काठमाडौं/मस–** संघीय संसद्बाट स्वीकृत भएका ५ वटा अध्यादेशसम्बन्धी प्रतिस्थापन विधेयक आगामी बुधबार बस्ने प्रतिनिधिसभाको कार्यसूचीमा राखिएको छ। सत्तारुढ नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाका अनुसार बुधबारको बैठकमा स्वीकृत भएका अध्यादेश बमोजिमका प्रतिस्थापन विधेयकहरूको प्रक्रिया अघि बढाइनेछ । सरकारले अहिले अध्यादेश स्वीकृत भएपछि स्वीकृत अध्यादेश बमोजिम प्रतिस्थापन विधेयक पनि संसद्मा दर्ता गरिसकेको छ ।



त्यसलाई कार्यसूचीमा समावेश गर्ने विषयमा सोमबार छलफल भएको छ । त्यसलाई २८ फागुनमा बस्ने बैठकमा प्रतिस्थापन विधेयकलाई कार्यसूचीमा समावेश गरेर जाने छलफल भएको हो । सोही दिन विधेयकलाई पेस गरेर प्रक्रिया आरम्भ गर्ने जानकारी पनि बर्तौलाले दिए ।

# कोशीमा प्रधानमन्त्री ओलीको सम्बोधनलाई प्रतिपक्षले बहिस्कार गर्ने

**विराटनगर/मस–**प्रधानमन्त्री केपी शर्मा ओलीले सम्बोधन गर्ने भनिएको कोशी प्रदेशको बैठक प्रतिपक्षी दलहरूले बहिस्कार गर्ने तयारी गरेका छन् ।

कोशी प्रदेशको प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) लगायतका दलहरूले मंगलबार प्रधानमन्त्रीले सम्बोधन गर्ने बैठक बहिस्कार गर्ने तयारी गरेका हुन् । प्रमुख प्रतिपक्षी माओवादी केन्द्रका संसदीय दलका नेता इन्द्रबहादुर आङबोले प्रधानमन्त्रीले मंगलबार



प्रदेशसभा बैठकमा सम्बोधन गर्नेबारे आफूहरूलाई जानकारी नै नदिइएका कारण पार्टीका सांसदहरू बैठकमा उपस्थित नहुने बताए ।

आङ्बाले अहिलेकै अवस्थामा माओवादी केन्द्र मात्रै नभई अरु प्रतिपक्षी दलका सांसदहरू पनि बैठकमा उपस्थित नहुने दाबी गरे । नेकपा (एकीकृत समाजवादी)का संसदीय दलका नेता राजेन्द्र राईले बहिस्कार नै गर्ने भन्ने नभए पनि अहिलेकै अवस्थामा उपस्थित नहुने सम्भावना रहेको बताए । मुख्यमन्त्रीले प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलका नेताहरू बोलाएर औपचारिक जानकारीसहित के विषयमा सम्बोधन गर्नेबारे प्रष्ट पारेको खण्डमा उपस्थित हुन पनि सकिने राईले स्पष्ट पारे ।

# शिक्षकहरूको पार्टी कार्यालय घेराउ आज

**काठमाडौं/मस–** नेपाल शिक्षक महासंघले मंगलबारदेखि राजनीतिक दलका कार्यालय घेराउ गर्ने भएका छन् ।

दोस्रो चरणको आन्दोलनको कार्यक्रम अन्तर्गत मंगलबारदेखि पार्टीका कार्यालय घेराउ गर्ने कार्यक्रम सार्वजनिक गरेको हो ।

२४ फागुनमा पहिलो चरणको आन्दोलन पुरा गरेको महासंघले २७ फागुनदेखि दोस्रो चरणको आन्दोलनको घोषणा गरेको हो ।

म्ंगलबारदेखि ५ चैत्र ५ सम्म राजनीतिक दलका केन्द्रीय कार्यालयमा प्रतिनिधिमूलक धर्ना दिने कार्यक्रम महासंघको छ ।



पहिलो चरणको आन्दोलनको अन्तिम दिन शनिवार देशभरका शिक्षक तथा विद्यालय कर्मचारीहरू माइतीघर मण्डलामा प्रदर्शन गरेका थिए । पहिलो चरणको आन्दोलन सकेर दोस्रो चरणको आन्दोलन अन्तर्गत महासंघले मंगलबार नेपाली कांग्रेसको कार्यालय घेराउ गर्ने अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले जानकारी दिए । त्यस्तै बुधबार नेकपा एमालेको कार्यालय, चैत्र १ गते नेकपा (माओवादी केन्द्र)को कार्यालय र चैत्र २ गते नेकपा (एकीकृत समाजवादी)को कार्यालय घेराउ गरिने पनि अध्यक्ष सुवेदीले बताए ।

त्यस्तै चैत्र ३ गते राष्ट्रिय स्वतन्त्र पार्टी, चैत्र ४ गते जसपा, लोसपा र राजमोको कार्यालय र चैत्र ५ गते जनमत, नागरिक उन्मुक्ति र राप्रपाको कार्यालय घेराउ गरिने छ । लामो समयदेखि विद्यालय शिक्षा ऐन जारी गर्न नसकेको भन्दै ऐन जारी गराउन दबाब दिन महासंघले २० माघदेखि आन्दोलन थालेको हो ।

**युएईमा रोजगार**

कम्पनी: ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/११/२६ चलानी नं.: ६०२३४२८१ L.T. No.: 320037

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 100 | 0 | स. काममा दक्ष | 800 | ३०,२०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ५ गते (18 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SAHEEL WORLDCONNECT SERVICES PRIVATE LIMITED**
श्रम ईजाजत नं. : १७५३/०८१/०८२
Maharajgunj-4, Kathmandu, Nepal, Tel: 4547295, Email: saheelworldconnect@Gmail.com

# नि:शुल्क आँखा शिविरबाट ९ सय बढीले लिए सेवा

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २६ फागुन

कालीकोटको सान्नी त्रिवेणी गाउँपालिकामा संचालन गरिएको नि:शुल्क शिविरमा ९ सय बढीले सेवा लिएका छन् । नो लिमिट्स नेपालको आयोजना तथा सान्नी त्रिवेणी गाउँपालिकाको समन्वयमा ३ दिने शिविर सञ्चालन गरिएको हो । 'गाउँमै शिविर सञ्चालन हुने थाहा पाएपछि आँखा जाँच गराउन आए', शिक्षक रामपुकार महतोले भने । नि:शुल्क रुपमा गाउँमै आँखाको चेकजाँच गराउन पाउँदा निकै खुसी लागेको उनको भनाइ छ ।



आफ्नै गाउँ घर अगाडि नि:शुल्क आँखाको चेकजाँच गर्न पाउँदा निकै खुसी लागेको संचारकर्मी तथा सान्नी त्रिवेणी गाउँपालिका वडा नं. ६ का प्रेम विश्वकर्माले बताए । 'सामान्य आँखाको चेकजाँच गर्न पनि जिल्ला सदरमुकाम तथा सहरतिर जानुपर्थ्यो । पैसा धेरै खर्च हुन्थ्यो' विश्वकर्माले भने,'विना लगानीमा सहजै तरिकाले आफ्नो आँखाको चेक जाँच गर्न पायौँ । एकदमै खुसी लाग्यो ।'

शिविरमा ९ सय ३० जनाले आँखाको चेकजाँच गरेका छन् । जसमा ४ सय ५० जनाले चस्मा लिएका छन् । अन्यले औषधि दिइएको आयोजक संस्था नो लिमिट्स नेपालले जनाएको छ। ९ सय ३० जनाको आँखा चेकजाँच गरेकोमा ८६ जनाको आँखाको शल्यक्रिया गर्नुपर्ने देखिएको र उनीहरुको सम्पर्क नम्बर लिएर विवरण संस्थाले राखेको अध्यक्ष खेमराज शाहीले बताए। उनले ८६ जनाको नि:शुल्क शल्यक्रिया गर्नका लागि पहल गर्ने समेत बताए । विगतमा पनि नो लिमिट्स नेपालले नि:शुल्क आँखा शिविर संचालन गरेको थियो ।

# 'डिजिटल मिडिया अलायन्स' गठन

**काठमाडौं/मस–** डिजिटल माध्यमबाट प्रकाशन तथा प्रसारण हुने सञ्चारमाध्यमका प्रतिनिधिहरूले 'डिजिटल मिडिया अलायन्स' (डिम्यानम) गठन गरेका छन् ।

सोमबार गौतम बुद्ध जन्मस्थल लुम्बिनीबाट औपचारिक रूपमा डिम्यानम घोषणा गरिएको हो। केही दिनअघि दर्ता भएको अलाएन्सले अध्यक्ष मोहराज पौडेलको अध्यक्षतामा नौ सदस्यीय कार्यसमिति गठन गरेको थियो। अलायन्सले आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी सूचना तथा समाचार प्रकाशनलाई प्रभावकारी बनाउन भूमिका खेल्ने अध्यक्ष




पौडेलले बताए । उनका अनुसार अलायन्समा हाल डिजिटल सञ्चार माध्यममा सक्रिय मिडिया जोडिएका छन् । अन्य सञ्चारमाध्यमलाई अलाएन्समा जोड्दै लगिनेछ । अलायन्सले डिजिटल मिडियाको हक हित र निष्पक्षताका लागि वकालत गर्ने अलायन्सका महासचिव युवराज कँडेलले बताए। अलायन्सले डिजिटल मिडियामा आबद्ध पत्रकारको क्षमता अभिवृद्धि र गुणस्तर वृद्धिका साथै डिजिटल मिडियाको संरक्षण तथा सम्वर्द्धनमा भूमिका खेल्ने उनले बताए ।

संस्थाको नेतृत्व सुनौलो नेपालका मोहराज पौडेलले गरिरहेका छन् भने उपाध्यक्षद्वयमा नेपाल वान एचडीका मोनिका सिंह र हुलाक सञ्चारका महेश पौडेल, महासचिवमा सिधाकुरा मिडिया नेटवर्कका युवराज कँडेल, सचिवमा राइट सञ्चारका अर्जुन विस्ट र कोषाध्यक्षमा लालीगुँरासका कमल चौलागाईं छन् । सदस्यमा आर्टिस्ट खबरका गोपीकृष्ण चापागाईं, अबाट नेपालका नरेन्द्र महरा र सल्लाहकारमा सिटिजन एचडीका विजन दुवाडी छन् ।

# राप्रपाले बुझायो जरिवाना



**काठमाडौं/मस–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले काठमाडौं महानगरपालिकले तोकेको जरिवाना बुझाएको छ । राप्रपाले सोमबार महानगरपालिकालाई १ लाख रुपैयाँ जरिवाना बुझाएको हो । पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतका क्रममा आइतबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गेट परिसर, तिलगंगा, गौशालालगायत क्षेत्रमा फोहोर गरिएको भन्दै काठमाडौं महानगरले जरिवाना तोकेको थियो ।

राप्रपा प्रवक्ता तथा सांसद ज्ञानेन्द्र शाहीले फेसबुकमा तस्बिर राख्दै लेखेका छन्, 'हामी राप्रपा सुशासन मान्छौं र विधिको शासन मान्छौं । राजाको स्वागतमा आएका लाखौं आमाबुवा दाजुभाइ बहिनीहरूले हिँड्दा बाटोमा केही कुल्चिए होलान् । महानगर नगरपालिकाको निर्णयलाई हामी स्वीकार्दछौं र १ लाख रुपैयाँ हामीले काठमाडौं महानगरपालिकाको खातामा दाखिला गरेका छौं ।

## Ramdhuni Municipality
## Office of Municipal Executive
**Jhumka , Sunsari**
**Koshi Province, Nepal**

### Invitation for Sealed Quotation

**Date of second publication: 2081/11/27**

1. The Ramdhuni Municipality, Office of the Municipal Executive invites sealed quotations from registered Suppliers for the supply & Delivary of goods mentioned below.

| S. N. | Contract Identification No. | Description of Goods | Bid Security Amount NRs | Cost of Bid Document NRS |
|---|---|---|---|---|
| 1. | RMY/SQ/04/081/082 | Supply and Delivery of Stationery - Masland Related Goods | 40,000/- | 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from *PPMO website www.bolpatra.gov.np*.
3. Bids must be submitted electronically before 12:00 Noon on 2081/12/13 only through e-GP system i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account.
   Name of the Bank : NIC Asia Bank, Jhumka — Name of Office: Ramdhuni Municipality
   Office Code no: 801011406 — Office Account no: 0892050027908002
   Account Name: GA-1.1 AANTARIK RAJASWA KHATA-RAMDHUNI NAGARPALIKA
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 2081/12/13 at 1:00 P.M. at the office of Ramdhuni Municipality, Jhumka, Sunsari. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount as specified above, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 75 days).
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Ramdhuni Municipality**

## Infrastructure Development Directorate
**Birendranagar, Surkhet**

### Invitation for Bids No: 8-081/082

**Date of Publication: 2081/11/27 (11th March, 2025)**

1. Infrastructure Development Directorate (IDD), Surkhet invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| SN | Contract ID, Description of works | Estimated Amount with VAT & PS (NRs) | Bid Security Amount (NRs.) | Bid Document Fees (NRs) |
|---|---|---|---|---|
| 1 | IDD/SKT/W/NCB/44/081-082Re, Construction of Jagden Ring Road, Chaukune-05, Surkhet | 28,95,635.35 | 75,000 | 3,000.00 |
| 2 | IDD/SKT/W/NCB/51/081-082, Construction of Gutukhola Bhattesara Road Chaukune -08, Surkhet | 48,28,316.89 | 1,25,000 | |
| 3 | IDD/SKT/W/NCB/52/081-082, Construction of Gairibazzar Bhaluodar Taule Dharapani NigalChula Kupindedaha Road, Gurbhakot 1, 2 & 3, Surkhet | 28,96,779.01 | 75,000 | |
| 4 | IDD/SKT/W/NCB/53/081-082, Construction of Province Public Service Commission Office infrastructures, Surkhet | 1,66,53,658.22 | 3,70,000 | |
| 5 | IDD/SKT/W/NCB/54/081-082, Repair & Maintenance of different Ministry office and quarters, Surkhet | 90,15,797.63 | 2,00,000 | |

2. Bid validity & bid security validity period should be 90 & 120 days respectively from bid opening date. For more detail visit the office website www.idd.karnali.gov.np and PPMO's Website www.bolpatra.gov.np./egp.

मध्यान्ह
www.madhyanhadaily.com
२७ फागुन २०८१ मंगलबार
11 March 2025, Tuesday

सम्पादकीय

## सामुन्नेको विकल्प

राजावादीहरूको गतिविधिपछि प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को दौडधुप बढेको छ । हुलाकी राजमार्गमा चलिरहेको 'जनतासँग माओवादी : जागरण अभियान' रोकेर प्रचण्ड काठमाडौं आएका हुन् । पार्टी अभियान रोकिएपछि माओवादीका अरू नेता पनि काठमाडौंमा छन् । पूर्वराजा ज्ञानेन्द्र शाहलाई उनका समर्थकहरूले आइतबार त्रिभुवन अन्तर्राष्ट्रिय विमास्थलदेखि निर्मल निवाससम्म स्वागत जुलुससहित पुऱ्याएका थिए । गणतन्त्र स्थापनापछि राजतन्त्रको पक्षमा निस्किएको संभवतः यो सबैभन्दा ठूलो जनप्रदर्शन थियो । सरकारी अधिकारीहरूका अनुसार पूर्वराजाको पक्षमा झण्डै १५ हजार मानिस सडकमा उत्रिएका थिए । देशका कुनै भूभागबाट राजधानी आउँदा ज्ञानेन्द्र शाहलाई स्वागत गरिएको पनि यो पहिलो दृष्य थियो । त्यसैले राजावादी गतिविधिप्रति प्रचण्ड सबैभन्दा बढी सशंकित देखिए ।

प्रधानमन्त्री केपी शर्मा ओली, सत्ता साझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासहित सत्तारूढ नेताहरूले समेत राजावादी गतिविधिप्रति आपत्ति जनाइरहेका छन् । ६ फागुनमा पोखराबाट पूर्वराजा ज्ञानेन्द्रले भिडियो सन्देश जारी गरेपछि प्रधानमन्त्री ओलीले पटकपटक चुनाव लडेर आउन चुनौती दिइरहेका छन् । बितेका केही वर्ष यही सिजनमा पूर्वराजाको यस्तै गतिविधि देखिने गरेका छन् । तर यसपटक दलहरू अलिक बढी सतर्क देखिएका छन् । प्रचण्डले तत्काल राजधानी उपत्यकामा गणतन्त्रको पक्षमा सभा गर्ने पहलकदमी लिएका छन् । त्यसका निम्ति अभियान रोकेर पार्टी पदाधिकारी र समाजवादी मोर्चाको बैठक राखिरहेका छन् । सम्भवतः चैतको पहिलो साता गणतन्त्र पक्षधर विपक्षीहरूको सभा हुन सक्छ ।

गणतन्त्र पक्षधरको सभाबारे प्रचण्डसँग सम्वाद गरेपछि पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले 'आफूहरूबाट गल्ती भए सच्याउन तयार रहेको, तर राजावादी गतिविधि अस्वीकार्य' हुने प्रतिक्रिया दिए । विश्लेषकहरूका अनुसार माधव नेपालको अभिव्यक्ति धेरै हदसम्म तथ्य नजिक छ । किनकि अहिलेको गणतान्त्रिक नेताहरूको व्यवहार र निर्णयकै कारण जनता निराश छन् । तिनै निराश जनताले अराजक गतिविधि गरिरहेका दुर्गा प्रसाईँहरूलाई साथ दिएका छन् । अनि सस्तो कुरा गरेर जुटाएको जनसमर्थनलाई प्रसाईंले पूर्वराजाको जुलुसमा परिणत गरिरहेका छन् । त्यसैले पूर्वप्रधानमन्त्री नेपालको अभिव्यक्ति नै गणतान्त्रिक प्रणाली जोगाउने विकल्प हुन सक्छ । नेताहरूले आफूलाई सच्याउने प्रतिबद्धता गर्ने अथवा नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने हो भने नागरिकमा विश्वास बढ्न सक्छ । त्यसले विकल्प खोजिरहेको जमात व्यवस्थापन गर्न सहयोग पुग्छ ।

# कृषिमा युवाको भूमिका

*कृषि क्षेत्र व्यवस्थित र व्यवसायिक नभएसम्म समग्र अर्थतन्त्रले आर्थिक वृद्धि र विकासको सामान्य लक्ष्य हासिल गर्न सक्दैन...*

अग्रलेख



● शिव कुमार श्रेष्ठ (शिवांसु)

नेपाल जैविक विविधतामा विश्वमा २५औं धनी देश हो । यहाँ विभिन्न प्रजातिका बाली र जडीबुटी प्रशस्त मात्रामा पाइन्छ । नेपालमा ६०.४ प्रतिशत मानिस कृषिमा निर्भर छन् । तर, देशको ७७ जिल्लामध्ये २३ वटा जिल्ला अन्नबाली उत्पादनमा आत्मनिर्भर हुन सकेको छैन । कृषि विभागको तथ्यांकअनुसार नेपालको २५ लाख हेक्टर खेती योग्य जमिनमध्ये १० प्रतिशत बाँझो छ ।

नेपालको संविधान २०७२को धारा ३६ खाद्यसम्बन्धी हकअन्तर्गत खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । महामारी र विपत् प्राकृतिक घटनाको जोखिममा सबैभन्दा बढी मारमा पर्ने समुदाय गरिब, विपन्न परम्परागतरूपमा बहिस्कृत समुदाय तथा प्रवासी कामदार र खास क्षेत्र र भूगोलका बासिन्दा छन् । त्यस्ता नागरिकलाई मध्यनजर गर्दै नीति, कानुन तथा कार्यक्रमहरूमार्फत खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई सम्बोधन हुनेगरी निर्माण गर्न आवश्यक छ । आधुनिक खेती प्रणालीले मानव स्वास्थ्य, माटो र वातावरणमा पर्ने नकारात्मक बेवास्ता गर्दै उत्पादनतर्फ मात्र उन्मुख हुँदाका परिणाम नकारात्मक हुन्छन् । जैविक खेती प्रणाली अवलम्बन गर्ने हो भने माटो र प्रकृति, वातावरण तथा मानव स्वास्थ्यको रक्षा गर्दछ । तर, विश्वको बढ्दो जनसंख्यालाई जैविक खेतीले धान्न मुस्किल पर्दछ । किनकि जैविक खेती गर्दा रासायनिक मल हालेको खेतीभन्दा १९ देखि २५ प्रतिशत उत्पादनमा कमी आएको वैज्ञानिक अनुसन्धानले देखाएको छ । हाल विश्वभर खेती गरिएको भू-भागको केवल १.५ प्रतिशत जमिनमा मात्र खेती गरिन्छ ।



युवा शक्तिको विदेश पलायनले खेतीयोग्य उर्वर जमिनहरू बाँझोमा परिणत भएका छन् । सँगै, खेती गर्ने प्रणाली परम्परागत, अवैज्ञानिक र निर्वाहमुखी खालका छन्, जसको कारण हुनसक्ने उत्पादन हुन सकेको छैन । अर्थतन्त्रको मुख्य आधारको रूपमा कृषिलाई लिँदै गर्दा कृषि आधुनिक, वैज्ञानिक, व्यावसायीमुखी बनाउनै पर्छ । त्यसको लागि राज्यले युवा शक्तिलाई व्यवस्थित, सर्वसुलभ विविध कुराहरू व्यवस्था मिलाई दिनुपर्ने हुन्छ । यसका लागि तीनै तहका सरकार क्रियाशील हुन आवश्यक छ । उत्पादन, आत्मनिर्भर, स्वाधीनता र समृद्धितर्फका लागि राष्ट्रिय योजना र नीतिको सीमाभित्र रही आ-आफ्नो स्रोत र साधनको उपयोग गर्नुपर्दछ । देश विकास सबैको साझा लक्ष्य भएकोले सबैको सहभागिताबाट मात्र सम्भावना रहन्छ । न कि संघीय सरकारको मुख ताक्ने मात्र । उत्पादन वृद्धिको साथसाथै बजारीकरणको पनि व्यवस्था मिलाउन सक्नुपर्दछ । अन्यथा उत्पादनको महत्व नदिई विदेशी विषादीयुक्त र मिसावटयुक्त चिजहरू कमिसनको लोभमा प्रश्रय दिनु हुँदैन । हरेक विकास कार्यमा नागरिकको सहभागिता बिनाको अपूरो हुनाले उनीहरूको सहभागिता अनिवार्य हुनु जरूरी छ ।

नविनतम् ज्ञान, सीप, तालिम र प्रविधिमा गरिएको लगानी, लगाउँदै गरे कृषि उत्पादकत्व बढ्दै गई कृषि उत्पादनमा महत्वपूर्ण भूमिका रहन्छ । नयाँ-नयाँ प्रविधिको प्रयोग बढाउँदै, कृषकलाई ती प्रविधिको अभ्यस्त गराउने हो भने त्यसले सहानुभूति पाउने छ । गाउँ-गाउँमा तालिम प्राप्त दक्ष जनशक्ति पुऱ्याएर कृषि विज्ञान, शिक्षा र सीपसम्बन्धी कार्यक्रम पुऱ्याई सम्पूर्ण किसानलाई समान पहुँच पुऱ्याउन सकेको खण्डमा कृषि ज्ञान, शिक्षा र सीपको वितरणले समन्यायिक तथा प्रभावकारी साबित हुन्छ ।

कृषि तथा पशुजन्य वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले कृषि तथा पशुपालन क्षेत्रमा हरेक वर्ष करोडौं अनुदान वितरण गरिएको छ । तर, झोले कार्यकर्ताको झोलामा नै अनुदान गरिएको हुँदा कृषिमा लगानी गरेको रकम बालुवामा पानी हाले सरह भएको छ । विश्वमा प्रत्येक वर्ष कुपोषणसँग सम्बन्धित रोगका कारण ६ लाख ७८ हजार मानिसको मृत्यु हुने गरेको अमेरिकाको द सेन्टर फर साइन्स इन द पब्लिक इन्टेष्टको अनुमान छ ।

दूध, फल, मासु, उत्पादनमा वृद्धि आर्थिक विकास र देशको समृद्धि भन्ने नारालाई साकार पार्न हामी सबैको जीवन्त सहभागिताको खाँचो छ । वि.सं. २०८१ साल असोज ११ र १२ गतेको अविरल वर्षाको कारण बाढीले देशभर कृषिमा ६ अर्बको क्षति भएको सरकारी तथ्यांकले देखाउँछ । वि.सं. २०७८ साल कार्तिकको पहिलो साताको बेमौसमी वर्षाको कारण ११ अर्ब ८७ करोडको धान बाली नष्ट भएको थियो । २०७८ सालका पीडित किसानलाई ५ अर्ब ५२ करोड राहत उपलब्ध गराएको थियो । धानको न्यूनतम समर्थन मूल्य २ हजार ९ सय २ रूपैयाँ प्रति क्विन्टल लागत मूल्य र प्रति हेक्टर उत्पादन ३ मेट्रिक टनलाई आधार बनाइएको थियो । सरकारले कृषि बिमालाई प्राथमिकतामा राखी बिमा छुटसमेत दिएको छ । तर, यो कार्यक्रममा किसानको पहुँचसम्म पुगेको छैन । कृषि बाली बिमा गर्ने सम्बन्धमा पर्याप्त सचेतना जगाउन नसक्दा किसानले बेमौसमी वर्षाको कारण अरबौं रूपैयाँ नोक्सानी व्यहोर्न बाध्य भएका छन् । कृषि बिमामा लाग्ने बिमा शुल्कको ८० प्रतिशत अनुदान दिँदै आएको छ । वास्तविक किसानको पहुँचमा सरकारले दिने सुविधा पुगेको देखिँदैन ।

उक्त २०७८ सालको बेमौसमी वर्षाको कारण २ लाख हेक्टरमा लगाएको धान बाली क्षति पुगेकोमध्ये लुम्बिनी प्रवेशमा मात्र १ लाख ३० हजार हेक्टरको धान डुबानमा परेको र बाढी पहिरोले बगाएको थियो । बेलाबखतमा बेमौसमी वर्षा र त्यसबाट निम्तिएको बाढीको कारण देशभरिकै बाली नष्ट गरी मुलुकको अर्थतन्त्रमा नै असर देखापर्ने गरेको छ । अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिँदै आएको धान बाली नष्ट हुँदा मुलुकको कुल गार्हस्थ्य उत्पादनदेखि आर्थिक वृद्धिसमेत प्रभावित हुने देखिएको हो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत मुलुकको विभिन्न जिल्लाका विभिन्न ठाउँमा उन्नत

> युवा शक्तिको विदेश पलायनले खेतीयोग्य उर्वर जमिनहरू बाँझोमा परिणत भएका छन् । सँगै, खेती गर्ने प्रणाली परम्परागत, अवैज्ञानिक र निर्वाहमुखी खालका छन्, जसको कारण हुनसक्ने उत्पादन हुन सकेको छैन । अर्थतन्त्रको मुख्य आधारको रूपमा कृषिलाई लिँदै गर्दा कृषि आधुनिक, वैज्ञानिक, व्यावसायीमुखी बनाउनै पर्छ...

जातको बिउ, नयाँ पद्धति तथा प्रविधि अपनाएर सुहाउँदो अनुकूलन परिस्थिति हेरेर विभिन्न खाद्य तथा नगदे बालीको व्यवस्था लगानी गरिनुपर्छ । देशमा उत्पादित वस्तुको समुचित बजारीकरणको व्यवस्था मिलाई किसानलाई प्रोत्साहन गर्नु आवश्यक छ । जुम्ला, हुम्ला, मुस्ताङ, दार्चुलाका स्याउ नबेचिँदा लगानीसमेत नउठेको प्रति किसान चिन्तित छन् । फलेका स्याउ बजारसम्म पुऱ्याउन नसक्दा व्यावसायिक खेतीमा ठूलो समस्या झेल्नुपरेको छ । यसलाई सहजीकरणको लागि चिस्यान केन्द्र स्थापनाको महत्व अति नै छ ।

एक सिजन कोदो वा मकै फल्ने खेतबारीमा बेमौसमी तरकारी काँक्रा, गोलभेँडा, आलु, काउली-बन्दा, लसुन, प्याजलगायत तरकारी उत्पादन गर्न थालेका छन्, आधुनिक प्रविधि र बिउ मल बिना व्यावसायिक खेती गर्न नसक्नु बजारीकरण र ढुवानीको समस्याले गर्दा किसान पिरोलिएका छन् । किसान आफैंले उत्पादन गरेको वस्तुको मूल्य आफैं निर्धारण गर्न असमर्थ छन् भने अर्कोतिर मौसम राम्रो हुँदा कृषि उत्पादन बढ्न गई मूल्य स्वतः कम हुन आउँछ । सँगै, मौसम खराब हुँदा उत्पादनमा कमी आइ ठूलो नोक्सानी व्यहोर्नुपर्ने विवश छन् । कृषि क्षेत्र व्यवस्थित र व्यवसायिक नभएसम्म समग्र अर्थतन्त्रले आर्थिक वृद्धि र विकासको सामान्य लक्ष्य हासिल गर्न सक्दैन । हाम्रो देशमा नकारात्मक मूल्य नीति नै कायम छ । अब सकारात्मक मूल्य नीति अवलम्बन गर्नु जरूरी छ ।

## इतिहासमा आज

१० मार्च २०२० मा रुसी संसद्को तल्लो सदनले भ्लादिमिर पुटिनलाई जीवनभर राष्ट्रपतिको पद धारण गर्न अनुमति दिने कानुन पारित गरेको थियो ।



११ मार्च १९९९ मा 'इन्फोसिस एनएएसडिएक्यू' स्टक एक्सचेन्जमा सूचीबद्ध पहिलो भारतीय कम्पनी बनेको थियो ।



११ मार्च २०१२ मा अफगानिस्तानमा १६ जना नागरिक एक अमेरिकी सैनिकद्वारा मारिएका थिए ।



११ मार्च २०१३ मा युरोपेली संघले जनावरहरूमा परीक्षण गरिएका सौन्दर्य प्रसाधनहरूको बिक्रीमा प्रतिबन्ध लगाएको थियो ।



## सामाजिक सञ्जाल



डम्बर खतिवडा

